# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन ( GESI Audit)




# परिवर्तन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### लुम्बिनी प्रदेश

**दस्ताबेज :**

परिवर्तन गाउँपालिकाको **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिबेदन**

**सर्वाधिकार :**

परिवर्तन गाउँपालिकाको कार्यालय, रोल्पा

**योजना निर्माणमा सहजीकरण एवं परामर्शदाता**

क्लक कन्सल्ट प्रा.लि., तुल्सीपुर दाङ

**Email: clockconsult@gmail.com**

# अध्यक्षको कलमबाट



नेपालको संविधानले निर्दिष्ट गरेको राज्यको पुनःसंरचना बमोजिम स्थानीय तहका रुपमा लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा अवस्थित परिवर्तन गाउँपालिका साविकका करहिया, पिपरहवा, मटेरिया र गंगोलिया सहित ४ गाविस समावेश गरी ६ वटा वडामा विभक्त गरी स्थापना गरिएको हो। नेपालको संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको स्थानीय तहका काम, कर्तव्य, अधिकार र सङ्घीयताको मूल मर्मलाई स्थायी रूपमा संस्थागत गर्न स्थानीय तहको स्थापनाको सुरूवाती केही वर्षहरु नीतिगत एवम् कानुनी अन्योलतामा गुज्रियो। उपलब्ध स्रोत, साधन एवम् जनशक्तिको सदुपयोग गर्नसमेत कठिनाई भयो । विगतका तिनै अन्योलता एवम् कठिनाइहरुबाट पाठ सिक्दै पछिल्ला वर्षहरुमा स्थानीय तहहरू सुधारात्मक मार्ग तर्फ उन्मुख भएका छन् ।

यसरी नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ। संविधानको धारा ३८ ले महिलालाई समान वंशिय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनिय हुने व्यवस्था गरेको छ । संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति धर्म, वा जातजाती, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भा अवस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने उल्लेख छ । त्यस कारण उक्त व्यवस्थालाई सम्बोधन गर्नको लागि गाउँपालिका पनि सामाजिक समावेशीकरण को क्षेत्रमा सुधार गर्नको लागि विभिन्न लैङ्गिकमैत्री कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरीएको छ। यसरी कार्यान्वयन गर्दै गर्दा लैससासको अवस्था अध्ययन गर्नको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन तयार गरिएको हो ।

अन्त्यमा यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन निर्माणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, महिला बालबालिका शाखा तथा अन्य विषयगत शाखालगायत सबै कर्मचारी मित्रहरुमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसैगरी यो प्रतिवेदन तयार गर्न जिम्मा लिई सम्पन्न गर्नु हुने क्लक कन्सल्ट प्रा. लि. का पूर्ण बहादुर ओली तथा स्थानीय शासन विज्ञ योगराज थपलिया 'गाउँले' लाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । त्यसै गरी लैससास परीक्षण गरी प्रतिवेदन तयार गर्न सहयोग गर्नु हुने स्थानीय शासन विज्ञ पूर्ण बहादुर ओली लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

....................................

सुक बहादुर बुढा मगर

अध्यक्ष

# उपमेयरको सन्देश



स्थानीय तह सङ्घीय राज्यप्रणालीको आधारभूत तह हो । नेपालको संविधानले व्यवस्था गरेको राज्यको पुनःसंरचनाको मर्मअनुसार गठन भएको ७ सय ५३ वटा स्थानीय तहहरुमध्ये परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा अवस्थित छ। यस गाउँपालिकाले साविकका करहिया, पिपरहवा, मटेरिया र गंगोलिया सहित ४ गाविसहरु समेटेको छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरिएका काम, कर्तव्य र अधिकार सहित स्थानीय सरकारको वर्तमान इच्छा र भविश्यको योजनाको सफल कार्यान्वयन गर्नका लागि सम्बन्धित ऐन भौतिक संरचना, कानुन निर्माण सँगै मानव संसाधनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । हाम्रो गाउँपालिकाले आम नागरिकहरुलाई सार्वजनिक सेवाप्रवाह गर्ने क्रममा विगतका दिनहरुमा जनशक्तिको प्राप्ति, विकास र उपयोगमा दर्जानौ चुनौतीहरुको सामना गर्नु पर्‍यो।

यसरी नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भए बमोजिम समानताको हक, सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति धर्म, वा जातजाती, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भा अवस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने उल्लेख छ । त्यस कारण उक्त व्यवस्थालाई सम्बोधन गर्नको लागि गाउँपालिकाले पनि सामाजिक समावेशीकरण को क्षेत्रमा सुधार गर्नको लागि विभिन्न लैङ्गिकमैत्री कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिएको छ । साथै यसरी कार्य गर्दै गर्दा लैससासको अवस्था अध्ययन गर्नको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी छलफलको माध्यमबाट यो प्रतिवेदन तयार गरिएको हो ।

अत्यमा अध्ययन यो प्रतिवेदन सम्पन्न गर्ने क्लक कन्सल्ट प्रा.लि., स्थानीय शासन विज्ञ योगराज थपलिया ‘गाउँले’ र पूर्ण बहादुर ओली लाई हार्दिक आभार व्यक्त गर्दछु साथै यो प्रतिवेदनलाई मूर्त रुप दिनका लागि संलग्न सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

....................................

कलादेवी खत्रेनी

उपाध्यक्ष

# कृतज्ञता



राज्यशक्तिको शासकीय प्रयोगका सन्दर्भमा शासनको विकेन्द्रीकरण र सन्निकटताको सिद्धान्तलाई आत्मसात् गर्न संवैधानिक रुपमा नै नेपालको संविधान २०७२ मा भएको व्यवस्था बमोजिमको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको आधारमा नेपालमा तीन तहको सङ्घीय संरचना निर्माण हुँदा वि.सं २०७३ सालमा गठित ७५३ वटा स्थानीय सरकारहरु मध्य रोल्पा जिल्लामा परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय स्थापना भएको हो । शासनको आधारहरु सरकार, नागरिक, कानुन, स्रोत, भूगोल र संरचनामध्ये संरचना पनि एक महत्वपूर्ण आधार हो जसमा प्रशासन, सङ्गठन र व्यवस्थापनको व्यवस्थित संयोजन रहेको हुन्छ ।

यसरी नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशिय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनिय हुने व्यवस्था गरेको छ । संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति धर्म, वा जातजाती, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भा अवस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने उल्लेख छ । त्यस कारण उक्त व्यवस्थालाई सम्बोधन गर्नको लागि गाउँपालिकाले पनि सामाजिक समावेशीकरणको क्षेत्रमा सुधार गर्नको लागि विभिन्न लैङ्गिकमैत्री कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिएको छ । यसरी कार्यान्वयन गर्दै गर्दा लैससासको अवस्था अध्ययन गर्नको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन तयार गरिएको हो ।

अन्त्यमा यो प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरुलाई कृतज्ञता व्यक्त गर्न चाहन्छु साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन तयार गर्ने जिम्मा लिने संस्था क्लक कन्सल्ट प्रा.लि. का पूर्ण बहादुर ओली तथा स्थानीय शासन विज्ञ योगराज थपलिया 'गाउँले' र पूर्ण बहादुर ओली लाई हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछु ।

....................................

निम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# विसयासुची


१. पृष्ठमूमि ........ ५

२. परीक्षणको महत्व ........ ६

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु : ........ ६

४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले समेटने क्षेत्रहरु ........ ७

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि र तरिका ........ ७

५.१. दस्तावेज समिक्षा ........ ७

५.२. लक्षित समुहका व्यक्तिहरु तथा सुचनाकार व्यक्तिहरुसँग अन्र्तवार्ता तथा छलफल ........ ८

५.३. कार्यशाला गोष्ठी सञ्चालन (सुचकहरुको लेखाजोखा) ........ ८

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विश्लेषणका औजारहरु ........ ८

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएका मुख्य प्राप्तिहरु ........ ९

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधिबाट देखिएको लैससासको अवस्था ........ ९

८.१. परीक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अङ्क ........ ९

९. सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरु ........ १५

९.१. सुचकको बुदाँगत अङ्कको आधारमा हलबाट राय लिएर सामुहिक रुपमा गरिएको विश्लेषण ........ १५

९.२. समुह कार्यबाट गरिएको विश्लेषण ........ २१

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना ........ २३

११. सुझाव ........ २७

१२. निश्कर्ष ........ २९

१३. अनुसूचीहरु ........ ३१

१३.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचकहरु र प्राप्ताङ्क ........ ३१

१३.२.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशालाका केहि झलकहरु : ........ ४२

१३.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशालाका केहि उपस्थिति : ........ ४३

# १. पृष्ठभूमी

परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय परिवर्तन, रोल्पा नेपालको लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा रहेको छ । यो गाउँपालिका साविकको करहिया, पिपरहवा, मटेरिया र गंगोलिया सहित ४ गाविसहरुलाई संयोजन गरी २०७३ सालमा स्थापना गरिएको थियो । यो गाउँपालिका भौगोलिक हिसाबले पहाडी भूभागयुक्त गाउँपालिका हो भने कुल क्षेत्रफल १६३.०१ वर्ग किलोमिटर। यो गाउँपालिकामा जम्म ६ वटा वडाहरु रहेका छन् भने भौगोलिक हिसाबले गाउँपालिका २८ डिग्री २४ मिनेट देखि २८ डिग्री ३४ मिनिट उत्तरी आक्षांस सम्म र ८२ डिग्री २८ मिनेट देखि ८२ डिग्री ३९ मिनेट देशान्तर सम्म फैलिएको छ । पूर्वमा रुकुम पुर्व को रोल्पा जिल्लाको रोल्पा नगरपालिका र थवाङ गाउँपालिका, पश्चिममा गंगादेव गाउँपालिका, उत्तरमा रुकुम पुर्व र रुकुम पश्चिम, दक्षिण रोल्पा जिलाको माडी गाउँपालिकासँग यो गाउँपालिका जोडिएको छ । यो गाउँपालिकाको औषत अधिकतम तापक्रम गर्मी ३१.२ डिग्री सेल्सीयस र न्युनतम औषत तापक्रम हिउँदमा ३.६ डिग्री सेल्सीयस पुगेको पाइन्छ भने बर्षा औषत १३.८८मिलीमिटर देखि १८.३६ मिलीमिटर हुन्छ ।

वि.स. २०७८ सालको जनगणना अनुसार यस गाउँपालिकामा जम्मा २१,६७१ जनसंख्या रहेको छ । जसमध्ये ५३.९ प्रतिशत अर्थात ११,६८६ जना महिलाहरुको संख्या छ र ४६.१ प्रतिशत अर्थात ९,९८५ जना पूरुषहरु रहेको छन् । कुल घर परिवार संख्या ४६८२ रहेको छ भने यस गाउँपालिकाको जनघनत्व १३२.९ र लैङ्गिक घरमुली लिङ्ग अनुपात१६४.७ प्रति १०० महिला घरमूलीमा पुरुष रहेको छ जँहा २.९ प्रतिशत अपाङ्गता भएका व्यक्ति छन् भने साक्षरता तर्फ ७३.९ प्रतिशत जहाँ महिला ६७.७ र पुरुष ८१.३ प्रतिशत गरी प्रतिशत रहेको छ । यसरी यस परिवर्तन गाउँपालिकामा पुरुषको भन्दा महिलाको जनसंख्या बढि रहेको तथ्याङ्कले देखाएको छ । यसै क्रममा नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशिय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनिय हुने व्यवस्था गरेको छ । संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति धर्म, वा जातजाती, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भा अवस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने उल्लेख छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) सम्बन्धी देहायका प्रावधानहरुको व्यवस्था गरेको छ ।

क. गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था,

ख. वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा समाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अधिलेख राखी

सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्य गर्ने, विभिन्न समुदाय बीच सामाजिक सद्भाव तथा सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्कि हिंसा, छुवाछुत, दहेज तथा दाईजो हलिया प्रथा, छाउपडि, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता समाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ ।

ग. स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिंदै लैससास प्रर्वधन गर्ने व्यवस्था गरेको छ ।

## २. परीक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अध्ययनको महत्व देहाय प्रकारको रहेको छ :

क. संविधानद्धारा प्रदत हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशिताका आधारमा राज्य संरचनाका सबै अङ्गहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सुचकहरुमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको न्युन अन्तरलाई पहिचान गर्न ।

ख. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारीका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतीहरुको पहिचान गर्न एवम् यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा तथा मुल्याङ्कन गरी नीतिगत पृष्ठ पोषण लिन ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु :

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, सीमान्तकृत समुहहरुलाई समावेश गरी, लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख. महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग. स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूलयाङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

घ. लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनैतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले समेट्ने क्षेत्रहरु

लैससास परीक्षणले समेटने क्षेत्रहरु देहाय बमोजिम रहेका छन :

क. नीति, कानुन र योजना

ख. संस्थागत व्यवस्था

ग. मानव शंसाधन तथा क्षमता विकास

घ. सेवा प्रवाह

ङ. सुशासन तथा उत्तरदायित्व

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि र तरिका

**५.१. दस्तावेज समिक्षा** : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यदलले गाउँपालिकाको दस्तावेजहरुः (जस्तै : ऐन, कानुन, नीति, कार्यविधि, वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समिक्षाको प्रतिवेदन, गाउँपालिकाको प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरु) आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरियो। जसको लागिः

क. गाउँपालिकाको योजना अनुसार मिति २०८२ साल चैत ३० गते परिवर्तन गाउँपालिकाको अध्यक्ष श्री सुक बहादुर बुढा मगर ज्युको अध्यक्षतामा बैठक बसी लैससास परीक्षणको उद्देश्य बारेमा छलफल गरियो । सोही दिन दस्तावेज अध्ययन गर्न निम्न अनुसारको कार्यदल गठन गरियो । जुन कार्यदलमा गाउँपालिकाको उपाध्यक्ष श्री कलादेवी खत्रेनी ज्युको संयोजकत्वमा तपशिलको व्यक्तिहरु रहनु भएको थियो :

संयोजक : श्री कलादेवी खत्रेनी (उपाध्यक्ष )

सदस्य : श्री निम बहादुर के.सी ( प्र.प्र.अ. )

सदस्य : श्री बालाराम वली ( शिक्षा शाखा प्रमुख )

सदस्य : श्री हरिष चन्द्र डाँगी ( आ.प्र. शाखा प्रमुख )

सदस्य : श्री ललित बुढा मगर ( प्रशासन शाखा प्रमुख )

सदस्य : श्री जानेन्द्र बहादुर कवर ( सूचना प्रविधि शाखा )

सदस्य सचिव : श्री अन्जु वली ( लैससास सम्पर्क व्यक्ति, महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखा )

ख. उक्त कार्यदलले परिवर्तन गाउँपालिकाले तयार गरी कार्यान्वसयनमा रहेका सम्पुर्ण लैङ्गिक सम्बन्धी नीति, नियम, दस्तावेज, कार्ययोजनाको विस्तृत रुपमा अध्ययन गरेको थियो ।

ग. लैससास परीक्षणको लागि परिवर्तन गाउँपालिकाका सम्पुर्ण पदाधिकारी प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, GESI Focal Person लगायत व्यक्तिहरु समावेश गरी कम्तीमा ३० जना बढिमा ५० जनालाई लैससास परीक्षणमा सहभागी गराउने ।

**५.२. लक्षित समुहका व्यक्तिहरु तथा सुचनाकार व्यक्तिहरुसँग अन्र्तवार्ता तथा छलफल** : परिवर्तन गाउँपालिकासँग सरोकार राख्ने समुहहरुसँग सम्बन्धित सवालहरुमा थप जानकारी लिनको लागि सामाजिक समावेशीकरणको हिसाबले वञ्चितिकरणमा परेका समुहकरुको प्रतिनिधिहरु र उपभोक्ता समुह गरी ४ वटा लक्षित समुहसँग अन्तरवार्ता तथा समुह छलफल गरियो ।

**५.३. कार्यशाला गोष्ठी सञ्चालन (सुचकहरुको लेखाजोखा)** : कार्यशालाको बिभिन्न विषय बस्तुमा केन्द्रित भै सुचक तथा उपसुचक अनुसार अंकभार विश्लेषणका लागि नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमा देखी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभाव सम्मको अवस्थालाई विश्लेषण गरी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरु गरी कुल जम्मा २५ जनाको सहभागितामा उक्त सुचक र सुचक तथा उपसुचकमा अङ्क प्रदान गर्ने काम गरियो । सहभागितात्मक छलफलको आधारमा लैससास सुचक तथा उपसुचकहरुमा राम्रो देखिएमा १, मध्ययम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा नभएमा ० अंक दिने आधार बनाई गाउँपालिकाको अवस्था बिश्लेषण गरियो । विभिन्न विषयगत क्षेत्रहरु र सुचकहरुमा प्राप्त अङ्कहरुलाई माकुरी जालो तथा बार चार्ट विधिको प्रयोग गरी सहभागिहरु माझ प्रस्तुत गरियो । विश्लेषणबाट प्राप्त भएका निष्कर्ष तथा सुझावहरु मध्य राम्रा पक्षहरुलाई निरन्तरता दिने र कमजोर पक्षहरुलाई सुधार गर्दै आगामी दिनहरुमा गाउँपालिकालाई लैससासमैत्री रुपमा स्थापित गर्ने कार्ययोजना तयार गरिएको छ ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विश्लेषणका औजारहरु

परिवर्तन गाउँपालिकाको लैससास परीक्षणका क्रममा विश्लेषणका लागि प्रयोग गरिएका औजारहरु निम्न रहेका छन् :

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल गठन,

ख. दस्तावेज समिक्षा,

ग. लक्षित समुहका जानकार व्यक्तिहरुसँग अन्तरवार्ता तथा छलफल,

घ. कार्यशाला गोष्ठी ( सुचकहरुको लेखाजोखा ), सवल, सुधारात्मक, अवसर र चूनौती विश्लेषण, कार्ययोजना तयारी र कार्यान्वयन प्रतिवद्धता ।

**स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७ मा उल्लेख भए बमोजिमको लैससास परीक्षण औजार प्रयोग गरिएको र औजारमा उल्लेख भएका ५ विषयहरु**

१) स्थानीय सरकारको नीति, कानुन योजनामा लैङ्गिक तथा समाजिक समावेशी विकास,

२) संस्थागत व्यवस्था,

३) मानव शंसाधन तथा क्षमता विकास,

४) सेवा प्रवाह र

५) सुशासन तथा उत्तरदायित्व विषयका १०० वटा सुचकका आधारमा लैससासको वर्तमान अवस्थाको मापन गरिएको।

यसरी मापन गर्दाको समयमा प्रत्येक सुचकमा उल्लेखित कुरा राम्रो देखिएमा १ अङ्क मध्ययम देखिएमा ०.५ अङ्क र सुधार गर्नु पर्ने वा नभएमा ० अङ्कहरु प्रदान गरिएको । ५ वटा मुल शिर्षक अन्तर्गत रहेका २२ वटा सहायक शिर्षकहरुमा प्राप्त अङ्कहरुलाई जोडि बार चार्ट तथा माकुरीजालोको चित्र (Spider net) बनाई सहभागिहरु माझ लैससासको अवस्था प्रस्तुत गरिएको । सो चित्रले देखाएका राम्रा पक्षहरुलाई निरन्तरता दिने, कमजोर पक्षहरुलाई सुधार गर्दै आगामी दिनहरुमा आवश्यकताहरुको पहिचान गरी लैङ्गिक समानता तथा समाजिक समावेशी विकासका लागि एकिकृत कार्ययोजना बनाई अगाडि बढाउन यो लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षणले मद्धत पुर्याउने कुरालाई महत्वका साथ उल्लेख गरिएको छ ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

परिवर्तन गाउँपालिकाको लैससास परीक्षणबाट देखिएका मुख्य प्राप्तिहरु देहाय बमोजिमका छन् :

क. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुमा लैससास सम्बन्धी बुझाईको विकास भएको छ ।

ख. गाउँपालिकाको नीतिगत व्यवस्था, विद्यमान संस्थागत संरचना, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितिमा परेका व्यक्ति र समूहहरुको सहभागिता र संवेदनशिलता सम्बन्धी वर्तमान अवस्थाको लैससास परीक्षणका सुचकका आधारमा अङ्क मापन भएको छ ।

ग. लैससास परीक्षणका सुचकका आधारमा प्राप्त भएका सुझावहरुको कार्यान्वयनका लागि कार्ययोजनाको तयारी र गाउँपालिकाको तर्फबाट कार्यान्वयनको सामुहिक प्रतिवद्धता भएको छ ।

## ८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधिबाट देखिएको लैससासको अवस्था

परिवर्तन गाउँपालिकामा सम्पन्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणबाट गाउँपालिकाले कुल १०० पूर्णाङ्कमध्ये ८० अंक प्राप्त गरेको छ। प्राप्त नतिजाले गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तहरूलाई नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाह प्रणालीमा उल्लेखनीय रूपमा संस्थागत गर्न सफल भएको देखाउँछ।


परीक्षणका पाँच प्रमुख सूचकहरूमध्ये "मानव संसाधन तथा क्षमता विकास" क्षेत्रमा सबैभन्दा बढी १६.५ अंक प्राप्त भएको छ। यसले कर्मचारी तथा जनप्रतिनिधिहरूमा लैससाससम्बन्धी क्षमता विकास, अवसरमा पहुँच तथा समावेशी मानव स्रोत व्यवस्थापनका क्षेत्रमा सकारात्मक अभ्यास रहेको संकेत गर्दछ। "नीति, कानुन तथा योजना", "संस्थागत व्यवस्था" र "सुशासन तथा उत्तरदायित्व" शीर्षकमा समान रूपमा १६–१६ अंक प्राप्त भएको छ। यसबाट गाउँपालिकाले लैससासमैत्री नीति तथा योजनाको निर्माण, संस्थागत संरचना तथा समावेशी शासन प्रणाली विकासमा उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ। योजना तर्जुमा तथा निर्णय प्रक्रियामा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्न प्रयासहरू गरिएको पाइन्छ। "सेवा प्रवाह" क्षेत्रमा १५.५ अंक प्राप्त भएको छ, जुन अन्य सूचकहरूको तुलनामा केही कम भए पनि समग्र रूपमा सन्तोषजनक अवस्था हो। यसले गाउँपालिकाले सेवा प्रवाहलाई समावेशी, पहुँचयोग्य तथा नागरिकमैत्री बनाउन प्रयास गरेको भए तापनि महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अन्य लक्षित समुदायका लागि सेवाको पहुँच र गुणस्तरलाई अझ प्रभावकारी बनाउन सुधारको सम्भावना रहेको देखाउँछ।

समग्रमा परीक्षणको नतिजाले गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था सबल रहेको, नीति तथा संस्थागत व्यवस्थाहरू स्थापित भएको तथा समावेशी शासनका आधारहरू विकास भएको देखाएको छ। तथापि सेवा प्रवाह, लक्षित समुदायको अर्थपूर्ण सहभागिता, लैङ्गिक तथा सामाजिक रूपमा विभाजित तथ्याङ्क व्यवस्थापन तथा अनुगमन प्रणालीलाई थप सुदृढ गर्दै लैजान आवश्यक देखिन्छ। प्राप्त नतिजाले गाउँपालिकालाई आगामी दिनमा अझ समावेशी, उत्तरदायी र न्यायपूर्ण स्थानीय शासन प्रणाली विकास गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ।


## ८.१. परीक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अङ्क

लैससास परीक्षणबाट परिवर्तन गाउँपालिकाले लैससास सम्बन्धी सुचकहरुमा प्राप्त गरेको अङ्क यस प्रकार रहेको छ :


| सूचक नं. | सूचकहरु | सुचकको अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | नीति कानुन तथा योजना | २० | १६ |
| २ | संस्थागत व्यवस्था | २० | १६ |
| ३ | मानव संशाधन तथा क्षमता विकास | २० | १६.५ |
| ४ | सेवा प्रवाह | २० | १५.५ |
| ५ | सुशासन तथा उत्तरदायीत्व | २० | १६ |
| | **जम्मा** | **१००** | **८०** |






लैङ्कि समानतन तथा सामाजिक समावेशीकरण परीक्षणमा पाँचवटा विषयबस्तुले प्राप्त गरेको अङ्कभारलाई विषयगत आधारमा **Bar Chart** मा तल प्रस्तुत गरिएको छ :





| | नीति कानुन तथा योजना | नीति र कानुनमा समावेशीता अङ्कभार | योजना तर्जुमा तथा कार्यान्वयन | बजेट तर्जुमा तथा कार्यान्यन |
|---|---|---|---|---|
| पूर्णाक | २० | ८ | ८ | ४ |
| प्राप्तांक | १६ | ५ | ७ | ४ |



संस्थागत व्यवस्था
अंक
२५
२०
१५
१०
५
०
संस्थागत व्यवस्थापन
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्यप्रणाली मा समावेशीता
समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व
वित्त व्यवस्थापन प्रणालीमा समावेशीता
तथ्यांक संकलन तथा व्यवस्थापन
पूर्णाक २० ४ ४ ४ ४ ४
प्राप्तांक १६ ३ ३.५ ३ ३ ३.५


मानव शंसाधन तथा क्षमता विकास
अंक
२५
२०
१५
१०
५
०
सुशासन तथा उत्तरदायित्व
सुशासन
उत्तरदायित्व र जवाफदेहीता
सूचना र सञ्चार
अनुगमन तथा मूल्यांकन
पूर्णाक २० ४ ४ ४ ४
प्राप्तांक १६ ४ ३.५ २.५ ३.५



सेवा प्रवाह
अंक
२५
२०
१५
१०
५
०
सेवा प्रवाह
पूर्वाधार विकास
प्रजनन स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाई
स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन
पूर्णाक २० ४ ४ ४ ४ ४
प्राप्तांक १५.५ ३ ४ ४ २.५ २



सुशासन तथा उत्तरदायित्व
अंक
२५
२०
१५
१०
५
०
सुशासन तथा उत्तरदायित्व
सुशासन
उत्तरदायित्व र जवाफदेहीता
सूचना र सञ्चार
अनुगमन तथा मूल्यांकन
समन्वय र सम्बन्ध विस्तार
पूर्णाक २० ४ ४ ४ ४ ४
प्राप्तांक १६ ४ ३.५ २.५ ३.५ २.५

## ८.२. माकुरी जालो : परिवर्तन गाउँपालिकाले लैससास सम्बन्धी सूचाङ्कको अभ्यासमा प्राप्त गरेको अङ्कलाई यहाँ सारांशमा माकुरी जालोमा प्रस्तुत गरिएको छ ।




## ८.३ परिवर्तन गाउँपालिकामा कार्यरत कर्मचारीहरु समावेशीता र जातियताको अवस्था






## ९. सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका क्रममा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विद्यमान नीति, कानुन, व्यवस्था, कार्यान्वयन र अभ्यासका सम्बन्धमा गरिएको सबल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौती सम्बन्धी विश्लेषणमा आएका बुदाँ तथा सुझावहरु यहाँ प्रस्तुत गरिएको छ।

### ९.१. सुचकको बुदाँगत अङ्कको आधारमा हलबाट राय लिएर सामुहिक रुपमा गरिएको विश्लेषण

| मूल शिर्षक | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | अवसर | चुनौती |
|---|---|---|---|---|
| नीति कानुन तथा योजना | १.नीति कानुनमा समावेशीता र सहभागिता<br><br>२.आवधिक तथा वार्षिक कार्यक्रममा लैससासलाई समावेश गरिएको | १.योजना तर्जुमा तथा कार्यान्वयन<br><br>२.बजेट तर्जुमा तथा कार्यान्वयन<br><br>३. लक्षित वर्ग अन्य बिपन्न समुदायको महिलाहरुको उपस्थिती | १.लैससास को नीति तथा कानुन स्वंयम स्थानीय तहले बनाउने भएकाले आफ्नो भुगोल अनुसार बनाउन पाईने | १.ससास कार्यान्वयनको शुरुको अवस्था भएकोले यसको महत्व बुझ्न समय लाग्ने ।<br><br>२.लक्षित वर्ग अन्य |

| | | | | |
|---|---|---|---|---|
| | ३. योजना तर्जुमा तथा कार्यान्वयनमा ८ मध्ये ७ अंक प्राप्त भएको भने बजेट तर्जुमा तथा कार्यान्वयनमा पूर्ण अंक (४/४) प्राप्त भएको। <br><br> ४.योजना निर्माण गर्दा समानुपातिक सहभागितालाई ध्यानमा राखेर लक्षित बर्गको हितको लागि समुदाय स्तर बाट प्रस्ताव माग भइ आएको योजना तथा कार्यक्रमलाई सम्बोधन हुने गरेको | न्यून हुने गरेको <br><br> ४. लैससास कार्यविधि स्पष्ट रूपमा परिभाषित नभएको। <br><br> ५. लैससास डेस्क/संरचना स्थापना नभएको। | २.लैससास परिक्षणको लागि सहजकर्ता भएको,नीति,कार्यविधि भएको । <br><br> ३.लैससास डेस्क स्थापना गरी संस्थागत क्षमता विकास गर्न सकिने। <br><br> ४. संघीय तथा प्रदेश सरकारका नीति र कार्यक्रमसँग समन्वय गर्न सकिने। <br><br> ५. विकास साझेदार तथा गैरसरकारी संस्थाको सहयोग प्राप्त गर्न सकिने। <br><br> ६. डिजिटल योजना तथा अनुगमन प्रणाली विकास गर्न सकिने। | बिपन्न समुदायको महिलाहरुको उपस्थिती गराउन कठिनाइ <br><br> ३.परमपरागत, धार्मिक र पितृसत्तात्मक सोचबाट माथि नसक्नु, <br><br> ४. सीमित बजेट तथा जनशक्तिका कारण सुधार कार्यान्वयनमा कठिनाइ। <br><br> ५. बस्तीस्तरका योजनाका लागि पर्याप्त स्रोत व्यवस्थापन चुनौतीपूर्ण हुन सक्ने। <br><br> ६. लैससास सम्बन्धी कानुन तथा नीति कार्यान्वयनमा समन्वय अभाव हुन सक्ने। |
| संस्थागत व्यवस्था | १.तथ्याङ्क संकलन तथा व्यवस्थापनको सुरुवात <br><br> २.शाखा तथा यसको जिम्मेवार व्यक्तिहरु हुनु | १. खण्डीकृत तथ्यांकको पूर्ण विश्लेषण तथा उपयोग अझै पर्याप्त नभएको। <br><br> २.समिति, उपसमिति र | १. खण्डीकृत तथ्यांकको आधारमा आवश्यकता पहिचान गरी लक्षित योजना निर्माण गर्न सकिने। | १.स्थानीय तहको संरचना भर्खर मात्र बनेकोले लैससासलाई संस्थागत गर्न समय लाग्ने। |

| | | | | |
|---|---|---|---|---|
| | ३.महिला तथा लक्षित वर्गको बिकासको निम्ति बजेटको व्यवस्थापन गरिएको<br><br>४. वित्त व्यवस्थापन प्रणालीमा समावेशीताको अभ्यास भएको।<br><br>५. कर्मचारी तथा पदाधिकारी प्रतिनिधित्वमा, कार्यप्रणालीमा समावेशीता, तथ्यांक संकलन तथा व्यवस्थापन प्रणालीहरुमा अपेक्षाकृत राम्रो रहेको। | कार्यदलमा प्रतिनिधित्व<br><br>३.वित्त व्यवस्थापन प्रणलीमा समावेशीता<br><br>४.कार्यप्रणलीमा समावेशीता<br><br>५. कर्मचारी तथा पदाधिकारीमा समावेशी प्रतिनिधित्व अझ सुदृढ गर्न आवश्यक<br><br>६. सबै निर्णय प्रक्रियामा समावेशीताको सुनिश्चितता अझै आवश्यक<br><br>७. तथ्यांक व्यवस्थापनलाई डिजिटल तथा अद्यावधिक प्रणालीसँग आबद्ध गर्न आवश्यक।<br><br>८. लैङ्गिक उत्तरदायी तथा लक्षित वर्गमैत्री बजेट प्रणालीलाई थप संस्थागत गर्नुपर्ने। | २.स्थानीय तहमा भएको समावेशीकताको सिद्धान्तले गर्दा काम गर्न सजिलो<br><br>३.सबैको आवश्यकता, समस्या र जनगुनासो सम्बोधन हुने<br><br>४. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट प्रणालीलाई संस्थागत गर्न सकिने।<br><br>५. डिजिटल तथ्यांक व्यवस्थापन प्रणाली विकास गर्न सकिने।<br><br>६. संघ, प्रदेश तथा विकास साझेदार निकायबाट प्राविधिक तथा वित्तीय सहयोग प्राप्त गर्न सकिने। | २. विश्वसनीय तथा अद्यावधिक तथ्यांकको अभावले योजना निर्माणमा प्रभाव पार्न सक्ने।<br><br>३. सीमित प्राविधिक जनशक्ति र क्षमता अभाव।<br><br>४. तथ्यांक व्यवस्थापन तथा विश्लेषणमा प्राविधिक दक्षताको कमी।<br><br>५. समावेशीकरणलाई व्यवहारमा कार्यान्वयन गर्दा सामाजिक तथा संरचनागत अवरोध आउन सक्ने।<br><br>६.कानुनको जानकारी अभाव |
| मानव संशाधन तथा क्षमता विकास | १.न्याय पालिकाले सकृयता पूर्वक काम गर्नु<br><br>२.विपद् व्यवस्थापनमा | १.मानव संशाधन तथा क्षमता विकास<br><br>२.अनौपचारिक मुल्य मान्यता र कुसस्कार | १.अफैले नीति बनाउने र कार्यान्वयन पनि गर्ने हुँदा नीति बनाउन र कार्यान्वयन गर्न | १.निर्वाचित पदाधिकारी, कर्मचारी लगायतका सरोकारवालाहरुलाई कानुनी साक्षरता |

| | | | | |
|---|---|---|---|---|
| | समावेशी सहभागिता<br><br>३. मानव ससाधन विकासको निम्ति विविध विषयमा तालिम, गोष्ठी आदिको आयोजना गरिनु ।<br>४. अनुगमन, मूल्यांकन तथा जवाफदेहिताको अभ्यास रहेको।<br>५. लैङ्गिक तथा सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालन भइरहेका छन्। | विरुद्ध जनचेतना<br><br>३. कानुनी साक्षरता कार्यक्रम तथा पूर्वाधार विकासमा थप सुधार आवश्यक।<br><br>४. लैससास सम्बन्धी क्षमता विकासका लागि छुट्टै कार्ययोजना तथा बजेट पूर्ण रूपमा संस्थागत हुन बाँकी।<br><br>५. खानेपानी तथा सरसफाइ (२.५/४) क्षेत्रमा सुधार आवश्यक।<br><br>६. स्वरोजगार, आयआर्जन तथा बजार व्यवस्थापन (२/४) कमजोर देखिएको।<br><br>७. सूचना तथा सञ्चार प्रणाली पर्याप्त समावेशी र प्रभावकारी हुन नसकेको | सजिलो हुने भएकोले नतिजा छिटो आउने<br><br>२. बाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृत्ति कोष, दलित उत्थान कोष स्थापना तथा सुदृढीकरण गर्न सकिने।<br><br>३. बाल हेल्पलाइन १०९८, महिला आयोग ११४५ लगायतका सेवाको व्यापक प्रचार–प्रसार गर्न सकिने।<br><br>४. कानुनी साक्षरता, लैङ्गिक समानता तथा सामाजिक न्याय सम्बन्धी कार्यक्रम विस्तार गर्न सकिने।<br><br>५. सूचना तथा सञ्चार प्रणालीलाई डिजिटल र नागरिकमैत्री बनाउन सकिने।<br><br>६. स्वरोजगार, उद्यमशीलता तथा बजार व्यवस्थापन कार्यक्रमबाट आर्थिक सशक्तीकरण गर्न | बनाउन समय लाग्ने<br><br>२.प्रविधिको पहुँचमा समानता नहुनु<br><br>३. सामाजिक कुरीति, विभेद तथा परम्परागत सोचले परिवर्तनमा अवरोध सिर्जना गर्न सक्ने।<br><br>४. विपन्न तथा बहिष्कृत समुदायसम्म सेवा प्रभावकारी रूपमा पुऱ्याउन चुनौती।<br><br>५. बेरोजगारी, गरिबी तथा आर्थिक स्रोतको अभावले कार्यक्रम कार्यान्वयनमा प्रभाव पार्न सक्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | | सकिने। | |
| सेवा प्रवाह | १.प्रजनन स्वास्थ्यमा उललेखनिय कार्यका साथै सुत्केरी सहयोग र परामर्शको व्यवस्था<br><br>२. शिक्षा कार्यक्रममा पूर्ण अंक (४/४) प्राप्त भएको।<br><br>३. शिक्षा तथा स्वास्थ्य सेवामा लक्षित वर्गको पहुँच सुधार गर्ने प्रयास भएको।४. सेवा प्रवाहलाई समावेशी बनाउन नीतिगत प्रयास भएको।<br><br>५.सेवाप्रवाह पारदर्शी र छिटो हुने गरेको<br><br>६. पूर्वाधार विकासमा समावेशीताको अभ्यास रहेको | १.स्वारेजगार तथा आय आर्जन र बजार व्यवस्थापन<br><br>२.जनसहभागितामा कमि<br><br>३.सेवाग्राही हरुमा सुचना प्रविधिको ज्ञानको अभाव र उत्साहजनक रुपमा चासो/ सहभागिता नभएको<br><br>४. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री सार्वजनिक संरचनाको पर्याप्त व्यवस्था नभएको।<br><br>५. सेवाग्राहीका लागि प्रतिक्षालय, पिउनेपानी तथा शौचालय जस्ता आधारभूत सुविधामा सुधार आवश्यक।<br><br>६. खानेपानी तथा सरसफाइ क्षेत्रमा अपेक्षाकृत कम उपलब्धि (२.५/४) रहेको। | १.आवश्यकताको आधारमा सेवा प्रवाह गर्न सजिलो हुने ।<br><br>२. जोखिममा रहेका तथा बहिष्करणमा परेका समुदायको तथ्यांक अद्यावधिक गरी लक्षित सेवा विस्तार गर्न सकिने।<br><br>३. अपाङ्गमैत्री, बालमैत्री तथा ज्येष्ठ नागरिकमैत्री पूर्वाधार विकास गर्न सकिने।<br><br>४. वञ्चित समुदायका बालबालिकाका लागि छात्रवृत्ति तथा शैक्षिक सहायता कार्यक्रम विस्तार गर्न सकिने।<br><br>५. स्वरोजगार तथा आयआर्जन कार्यक्रमलाई थप बजेटसहित प्रभावकारी बनाउन सकिने।<br><br>६. सार्वजनिक सेवा केन्द्रहरूमा नागरिकमैत्री सुविधा | १.बजेटको अभावमा कतिपय सेवाहरु समयमा नै प्रवाह गर्न नसकिने ।<br><br>२.स्थानीय राजस्व वृद्धि गर्नु ।<br><br>३. भौगोलिक विकटता तथा पहुँचको समस्याले सेवा प्रवाह प्रभावित हुन सक्ने।<br><br>४. सामाजिक तथा आर्थिक रूपमा कमजोर वर्गसम्म सेवा प्रभावकारी रूपमा पुऱ्याउन चुनौती।<br><br>५. पूर्वाधार निर्माण तथा मर्मतका लागि पर्याप्त स्रोत व्यवस्थापन चुनौतीपूर्ण हुन सक्ने।<br><br>६. प्राविधिक जनशक्ति तथा व्यवस्थापन क्षमताको अभाव। |

| | | | | |
|---|---|---|---|---|
| | | | विस्तार गर्न सकिने। | |
| सुशासन तथा उत्तरदायीत्व | १.सुशासन, उत्तरदायित्व र जवाफदेहिताको अवस्था राम्रो (३.५/४) रहेको।<br><br>२.नागरिक वडापत्रको व्यवस्था भएको ।<br><br>३.बार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरिनु ।<br><br>४. अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा सञ्चालन भइरहेको | १.अनुगमन तथा मूल्याङ्कन<br><br>२.सुचना तथा संचार<br><br>३. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा लैससास परीक्षणलाई नियमित र संस्थागत गर्न आवश्यक।<br><br>४. वडा तहको सूचना व्यवस्थापन प्रणाली पूर्ण रूपमा प्रविधिमैत्री बन्न सकेको छैन।<br><br>५. सामाजिक जवाफदेहिताका औजारहरूको कार्यान्वयनमा एकरूपता र नियमितता अभाव। | १.बढदो सामाजिक सञ्जालको पहुँच र प्रयोगले सुशासन र उत्तरयित्वको महत्व बुझाउन सजिलो ।<br><br>२. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा लैससास परीक्षणलाई संस्थागत गर्न सकिने।<br><br>३. चौमासिक सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरीक्षणलाई नियमित गर्न सकिने।<br><br>४. अन्तरनिकाय समन्वय तथा साझेदारीलाई सुदृढ गर्न सकिने। | १. हरेक अन्तरबस्तुहरु राजीतिक सवालमा रुपान्तरित भै मिलेमतोमा हुने खतरा हुन सक्छ ।<br><br>२. दुर्गम बस्ती तथा कमजोर पहुँच भएका नागरिकसम्म सूचना पुऱ्याउन चुनौती।<br><br>३. विभिन्न निकायबीच समन्वय अभावले कार्यान्वयनमा असर पार्न सक्ने।<br><br>४. सूचना प्रविधिको प्रयोगमा दक्ष जनशक्तिको अभाव। |

## ९.२. समुह कार्यबाट गरिएको विश्लेषण

| राम्रा पक्ष /सवल पक्ष (समुह १ ) | कमजोर पक्ष /सुधारात्मक पक्ष ( समुह २) |
|---|---|
| आवधिक तथा वार्षिक कार्यक्रममा लैससासलाई समावेश गरिएको | संविधान र स्थानीय सरकार सञ्चालन ऐन, लैङिगक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी ऐन बनेता पनि स्थानीय स्तरमा नीति तथा कार्यन्वयन प्रभावकारी रुपमा नभएकोले सुधार गर्नुपर्ने |
| संविधानको धारा २४,३८,३९,४०,४१ मा लैससास सम्बन्धी व्यवस्था भएको | स्थानीय तहहरुमा लैससास फोकल व्यक्ति नतोकीएको अवस्थामा तोकिनु पर्ने |
| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य, अधिकार र वडाका काम, कर्तव्य अधिकारमा लैससास सम्बन्धी व्यवस्था | लक्षित वर्गहरुमा समय अनुकुल अनुसार जनचेतना जगाउने र नियमिति अनुगमन गर्नुपर्ने |
| गाउँपालिकाले नीति, योजना तथा बजेट तर्जुमा प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तहरूलाई क्रमशः संस्थागत गर्दै लगेको देखिन्छ। | लक्षित वर्गहरुमा तालिमको व्यवस्थापन गर्नुपर्ने |
| समान कामका लागि समान ज्याला | लक्षित वर्गको पहिचान गरि सेवाको प्राथमिकिकरण गरी सेवा प्रवाह गर्नु पर्ने |
| जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धिमा समान अवसर प्रदान | अनलाईन प्रणालीबाट सेवा प्रवाह हुने काम भौगोलिक विकटता का कारणले नेटवर्किङ प्रणाली प्रभावकारी रुपमा सञ्चालन गर्ने |
| लैङिगक विकास हेर्ने एकाईको व्यवस्था | संविधानमा व्यवस्था भएता पनी स्थानीय स्तरमा सुशासन तथा उत्तरदायीत्व सम्बन्धी कानुन नभएकोले स्थानीय स्तरका जनप्रतिनिधिहरु तथा कर्मचारी मिलेर सो बमोजिमको नीति तथा कार्यक्रमको व्यवस्था मिलाउनु पर्ने। |
| **अवसरहरु (समुह नं. ३)** | **चुनौतीहरु ( समुह नं. ४ )** |
| गाउँपालिकाले ऐन कानुन बमोजिम काम गर्ने गरेको ( | स्थानीय स्तरमा समावेशी अनुकुल ऐन, कार्यविधि |

| | |
|---|---|
| संघीय कानुन बमोजिम ) स्थानीय कानुन नवनाएको । | निर्देशिका नवन्नु |
| महिला र पुरुषको समान ज्याला दर कायम | दिर्घकालिन सोचका साथ योजना नबन्नु |
| संविधानको धारा ३८ मा महिला सम्बन्धी हकको व्यवस्था | गुरुयोजना तथा आवधिक योजनामा लैससासका कार्यक्रम प्राथमिकतामा नपर्नु |
| समिति, उपसमिति समूहहरुमा अनिवार्य ३३ प्रतिशत महिला प्रतिनिधित्व हुने गरेको | नीति तथा कानुन निर्माण गर्दा लक्षित समुदायलाई पर्याप्त सहभागिता नगराउनु । |
| कार्यालयमा शाखा प्रमुख फोकल पर्सन तोकिनु | केन्द्रिकृत सेवा प्रवाह |
| गाउँपालिका /गाउँपालिकामा अध्यक्ष/ उपाध्यक्ष वा प्रमुख / उपप्रमुख मध्य १ महिला हुने व्यवस्था | बढ्दो सूचना प्रविधिको प्रयोगको पहुँचमा विस्तार तथा गुणस्तरियतामा सुधार हुन नसक्नु<br>एथेष्ठ बजेट विनियोजन नहुनु |
| दलित, महिला ज्येष्ठ नागरिक जस्ता सेवाग्राहीहरुलाई प्राथमिकता दिई काम गर्ने गरेको | अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा महिला मैत्री भवन निर्माण नहुनु, पर्याप्त जनशक्तिको व्यवस्थापनमा कमि, |
| महिला/दलितहरुलाई समितिहरुको नेतृत्व गर्ने गराईने गरेको | लक्षित वर्गको पहुँचमा अभिवृद्धि नहुनु |
| बजेट विनियोजनमा लक्षित वर्गहरुलाई बजेट तथा कार्यक्रम विनियोजिन गर्ने गरेको | बजेटमा स्रोत सुनिश्चितताको अभाव भएको कारण जनचेतनामुलक कार्यक्रम विस्तार गर्न नसक्नु |
| स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनमार्फत आर्थिक सशक्तीकरणका कार्यक्रम विस्तार गर्न सकिने सम्भावना रहेको छ। | भौगोलिक बिकटताको कारण प्रविधिमैत्री सेवा प्रवाह गर्न नसक्नु |
| विकास साझेदार निकाय, संघीय तथा प्रदेश सरकारसँगको समन्वयमार्फत थप स्रोत, साधन तथा प्राविधिक सहयोग परिचालन गर्न सकिने अवसर रहेको छ। | कानुनी साक्षरतामा कमी, सेवा प्रवाहमा पर्याप्त समन्वयको कमी तथा कार्यजिम्मेवारी बाडँफाडँमा अस्पष्टता |
| बालबालिका, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायका लागि लक्षित कार्यक्रम तथा कोष सञ्चालन गर्न सकिने अवस्था रहेको छ। | अद्यावधिक तथा विश्वसनीय तथ्याङ्क व्यवस्थापनमा निरन्तरता कायम राख्न चुनौती रहन सक्ने अवस्था छ। |

## १०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना

| मुल शिर्षक | प्रासांक | अवस्था सुधारको लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयाबधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| **नीति कानुन तथा योजना (२०)** | १६ | १.गाउँपालिकाले लैससास कार्यविधि स्पष्ट बनाउने | **पहलकर्ता** | **निर्णयकर्ता** | **कार्यान्वयनकर्ता** | आ.व. ०८२/ ०८३ | पर्ने | नपर्ने |
| नीति र कानुनमा समावेशीता (८) | ५ | २.कानुन निर्माणलाई अपेक्षित समावेशीकरण बनाउने | लैससास शाखा | कार्यपालिका | लैससास र योजना प्रशासन | बजेटमा समावेश गर्ने | पर्ने | |
| योजना तर्जुमा तथा कार्यान्वयन (८) | ७ | ३.योजना तर्जुमामा अत्याधिक मात्रामा लक्षित वर्गलाई सहभागी गराउने | | | | | | |
| बजेट तर्जुमा तथा कार्यान्वयन (४) | ४ | ४.बस्ती स्तरबाट आएका योजनालाई पहिलो प्राथमिकतामा राख्ने<br>५.लैससास डेस्कको स्थापना गरिनु पर्ने । | | | | | | |
| **संस्थागत व्यवस्थापन (२०)** | १६ | १.खण्डीकृत तथ्यांक विश्लेषण र आवश्यकताको आधारमा योजना निर्माण गर्ने | लैससास शाखा | कार्यपालिका | गाउँपालिका | आ.व. ०८२/ ०८३ बजेटमा समावेश गर्ने | पर्ने | |
| कर्मचारी पदाधिकारी प्रतिनिधित्व (४) | ३ | २.आवधिक तथा क्षेत्रगत योजना र लैससास नीति अनुरुप वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने | | | | | | |
| कार्यप्रणालीमा समावेशीता (४) | ३.५ | | | | | | | |
| समिति उपसमिति र | ३ | ३.बजेट निर्माण गर्दा लैगिंक | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यदलमा प्रतिनिधित्व (४) | | उत्तरदायि बजेट बनाउने र लक्षित बर्गलाई सम्बोधन गर्न बजेट बनाउने | | | | | | |
| वित्त व्यवस्थापन प्रणालीमा समावेशीता (४) | ३ | | | | | | | |
| तथ्यांक संकलन तथा व्यवस्थापन (४) | ३.५ | | | | | | | |
| **मानव शंसाधन तथा क्षमता विकास (२०)** | **१६.५** | १.लैससास सम्बन्धी क्षमता विकास कार्ययोजना तयार गरी छुट्टा छुट्टै शिर्षकमा बजेट विनियोजन गरि कार्यान्वयन गर्ने ।<br>२.लैङ्गिक तथा सामाजिक रुपमा बहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा बजेट व्यवस्था र कार्यन्यवन गर्ने। ( जस्तै बाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदी ) उनीहरुको सक्रियतामा आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने ।<br>३.बाल हेल्पलाईन १०९८, बालबालिका खोजतलास केन्द्र १०४, महिला विरुद्ध हुने हिंसा विरुद्ध उजुरी गर्ने महिला आयोगको | लैससास शाखा | कार्यपालिका | प्रशासन, योजना शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखा | आ.व. ०८२/ ०८३ बजेटमा समावेश गर्ने | पर्ने | |
| मानव शंसाधन तथा क्षमता विकास (८) | ६ | | | | | | | |
| अनौपचारीक मूल्या मान्यता र कुसस्कार विरुद्ध जनचेतना (४) | ३.५ | | | | | | | |
| कानुनी साक्षरता (४) | ३ | | | | | | | |
| विपद् व्यवस्थापनमा समावेशीता (४) | ४ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | टोल फ्रि नं ११४५, घरेलु हिंसा विरुद्ध जानकारी समुदायमा प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र खडा गर्ने<br>४.समय समयमा गाउँपालिका मा भएका गतिविधिहरुको स्वमूल्यांकन गरी सुधारका लागि कार्ययोजना बनाउने ।<br>५.लैससास सम्बन्धी हाल गरिरहेका कार्यक्रमलाई पनि व्यवस्थित रुपमा गर्ने वा निरन्तरता दिने ।<br>६.सुचना प्रविधि सरल र सहज बनाउने<br>७. कानुनी साक्षरता कार्यक्रम | | | | | | |
| **सेवा प्रवाह (२०)** | **१५.५** | १. लैङ्गिक तथा सामाजिक रुपमा बहिस्करण तथा जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिक रुपमा अध्यावधिक गर्ने ।<br>२.बालबालिका ज्येष्ठ नागरिक, महिला र अपाङ्गमैत्री भौतिक संरचना ( सार्वजनिक स्थल) निर्माण गर्न को लागि गाउँपालिकाले नीतिगत | लैससास शाखा | कार्यपालिका | प्रशासन, योजना शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखा | आ.व. ०८२/ ०८३ बजेटमा समावेश गर्ने | पर्ने | |
| पूर्वाधार विकास (४) | ३ | | | | | | | |
| प्रजनन स्वास्थ्य (४) | ४ | | | | | | | |
| शिक्षा कार्यक्रम (४) | ४ | | | | | | | |
| खानेपानी तथा सरसफाई (४) | २.५ | | | | | | | |
| स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन (४) | २ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्था गर्ने तथा सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाउँको उचित व्यवस्थापन जस्तै : पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालयको व्यवस्था गर्ने ।<br>३.बालीका तथा वञ्चितिकरणमा परेका समुदायलाई शैक्षिक सहयोग नीति लिने ।<br>४.स्वरोजगार कार्यक्रमलाई बजेट थप गर्दै थप प्रभावकारी बनाउने । | | | | | | |
| **सुशासन तथा उत्तरदायित्व (२०)** | **१६** | १.स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, लैससास परीक्षण, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहीताका औजारहरुको कार्यान्वयनको लागि कार्यविधि बनाई कार्यान्वयन गर्ने ।<br>२.चौमासिक रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण र लैससास परीक्षण गर्ने ।<br>३.प्रत्येक वडाले Software मार्फत वडा स्तरिय सूचनालाई व्यवस्थित गर्ने | सूचना तथा प्रविधि शाखा | कार्यपालिका | गाउँपालिका | आ.व. ०८२/०८३ बजेटमा समावेश गर्ने | पर्ने | |
| सुशासन (४) | ४ | | | | | | | |
| उत्तरदायित्व र जवाफदेहीता (४) | ३.५ | | | | | | | |
| सूचना र सञ्चार (४) | २.५ | | | | | | | |
| अनुगमन तथा मूल्यांकन (४) | ३.५ | | | | | | | |
| समन्वय र सम्बन्ध विस्तार (४) | २.५ | | | | | | | |

## ११. सुझाव

परिवर्तन गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा आएको अङ्कभार, सवल र सुधार गर्नुपर्ने पक्षहरु लाई विस्तृत रुपमा अध्ययन गर्दा लैससास पूर्ण रुपमा कार्यान्वयनमा पुऱ्याउनको लागि देहाय बमोजिमका सुझावहरु रहेका छन् :

१. नेपालको संविधानको धारा १८ र धारा ३८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले अंगिकार गरेका उद्देश्य प्राप्तीका लागि नीति, कानुन र योजना तयार गर्दाको समयमा नै लक्षित वर्गको सहभागिता बढाउनु पर्ने।

२. संविधानमा समावेश भए बमोजिम लक्षित वर्गको आश्यकता बमोजिमको कार्यक्रम र बजेटको तर्जुमा गर्नुपर्ने।

३. लैङ्गिक तथा सामाजिक अवस्थाहरुको तथ्याङ्क सङ्कलन, व्यवस्थापन, अभिलेखिकरण तथा अद्यावधिकरणलाई संस्थागत गर्नुपर्ने र लैससास डेस्कको स्थापना गरिनु पर्ने । ।

४. समुदाय स्तरमा सामाजिक कुसस्कार र कुरिति विरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने।

५. विपद् व्यवस्थापनमा समान सहभागिता गराउनु पर्ने वा लक्षित वर्गको सहभागिता बढाउनु पर्ने ।

६. बस्ती तथा टोल स्तरबाट प्राप्त योजनाहरूलाई प्राथमिकता दिई सहभागितामूलक योजना तर्जुमा प्रणालीलाई थप सुदृढ बनाउनुपर्ने।

७. निरन्तर रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गुर्नपर्ने।

८. जनप्रतिनिधिहरु जनता प्रति अझ बढि उत्तरदायि बनाउन सुचना प्रणालीलाई चुस्त दुरुस्त बनाउनु पर्ने साथै लैससास सम्बन्धीका कानुनहरु सार्वजनिक गर्नु पर्ने वा गाउँपालिकाको वेबसाइट नीरन्तर राख्नु पर्ने।

९. लैससास विकासको लागि प्रत्येक वर्ष सभाबाट विशेष बजेट विनियोजित गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक छ।

१०. आगामी वर्षको लैससास परीक्षण गर्दा यस वर्ष बनाइएको कार्ययोजनाको समिक्ष गरी कारण बस सम्पन्न गर्न नसकिएको कार्यक्रमलाई अर्को वर्ष निरन्तरता दिनुपर्ने।

११. लैससास परीक्षणबाट आएका नतिजा र यसको महत्वको बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्नुपर्ने।

१२. लैससास परीक्षण कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन गर्ने र अनुगमनका लागि व्यक्ति र सम्बन्धित शाखा वा समितिलाई जिम्मेवारी तोक्नु पर्ने ।

१३. लैससास सम्बन्धी छुट्टै नीति तथा कानुनको व्यवस्था गरी लैससास डेक्स तयार गर्नु पर्ने साथै लैससास कार्यान्वयन समिति निर्माण गरी कार्यान्वयन गुर्न पर्ने ।

१४. लैससास सम्पर्क व्यक्ति तोकिएको हुनु पर्ने ।

१५. दिगो विकासको लक्ष्यहरु विशेष गरी लक्ष्य नं. ५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सोहि अनुसार बजेट विनियोजन गर्नु पर्ने ।

१६.गाउँपालिका क्षेत्रमा कुनै पनि घरेलु हिंसा वा लैङ्गिक हिंसा का घटना घटने छैन भनि सुनिश्चितता गरी हिंसा रहित वडा र गाउँपालिका घोषणाको तयारी गर्नु पर्ने ।

१७. कार्यक्रममा सरोकारवाला, लक्षित वर्ग, प्रतेक शाखाको प्रतिनिधिहरुको उपस्थिति अत्यन्त कम भएको हुनाले आगामी परिक्षणमा अनिवार्य उपस्थिति हुनु पर्ने ।

१८. खण्डीकृत तथ्याङ्क (लिङ्ग, जातजाति, अपाङ्गता, उमेर, आर्थिक अवस्था आदि) संकलन, अद्यावधिक तथा विश्लेषण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने।

१९. आवधिक योजना, क्षेत्रगत योजना तथा लैससास नीतिसँग आबद्ध गरी वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने।

२०. अन्तरशाखा, अन्तरवडा तथा सरोकारवालाबीच समन्वय र सहकार्यलाई सुदृढ गर्नुपर्ने।

२१. प्रत्येक वडामा डिजिटल सूचना व्यवस्थापन प्रणाली विकास गरी सूचना प्रवाहलाई सहज, पारदर्शी तथा नागरिकमैत्री बनाउनुपर्ने।

२२. सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण तथा लैससास परीक्षणलाई नियमित रूपमा सञ्चालन गर्नुपर्ने।

२३. जोखिममा रहेका तथा सामाजिक रूपमा बहिष्करणमा परेका समुदायहरूको नक्साङ्कन गरी नियमित अद्यावधिक गर्नुपर्ने।

२४. सार्वजनिक भवन तथा सेवा केन्द्रहरूलाई अपाङ्गमैत्री, बालमैत्री, महिला मैत्री तथा ज्येष्ठ नागरिकमैत्री बनाउनुपर्ने।

# १२. निश्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री गाउँपालिका निर्माणका लागि स्थानीय तहको लैससास परीक्षणका गरी त्यसको नतिजाका आधारमा आगामी विकास योजनाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको कार्यविधि वा दिग्दर्शन २०७८ का आधारमा गाउँपालिकाको कार्यदलको सहजिकरण र सहयोगमा यो लैससास परीक्षण सम्पन्न भएको हो । लैससास परीक्षणबाट प्राप्त ८० अङ्कका आधारमा कार्ययोजनाको समेत तयारी भएको छ जुन समग्र रूपमा सन्तोषजनक अवस्था रहेको सूचक हो। मूल्याङ्कन नतिजा अनुसार नीति, कानुन तथा योजना, संस्थागत व्यवस्था, मानव स्रोत तथा क्षमता विकास, सेवा प्रवाह तथा सुशासन एवं उत्तरदायित्वका क्षेत्रमा गाउँपालिकाले लैससासलाई क्रमशः संस्थागत गर्दै लगेको देखिन्छ।। लैससास परीक्षणका क्रममा लैससास सम्बन्धी अवधारणागत बुझाईको समेत विकास भएको छ । आगामी दिनमा सहभागितात्मक विधि र प्रक्रियाका आधारमा गरिएको यस लैससास परीक्षणले सबै सरोकारवालाहरुको सिफारिस तथा कार्ययोजनाको कार्यान्वयनमा समन्वय तथा सहकार्यको विकास हुनेछ । परीक्षण पश्चात लैससास विकासको लागि गाउँपालिका उपप्रमुख ज्यूले हामी लैससास मैत्री गाउँपालिका निर्माणका लागि कार्यक्रम गर्दैछौ तर अझै धेरै गर्न बाँकि रहेको र विस्तारै यस क्षेत्रमा कार्य गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भएको छ । यसको साथै गाउँपालिकामा लैससास परीक्षण वार्षिक रुपमा भएकोले यसको महत्व तथा अवधारणाको वारेमा गाउँपालिकाले अझ गहन तहबाट बुझ्ने अवसर प्राप्त गरेको छ । लैससासमा गाउँपालिकाको स्वःलेखाजोखा अङ्कभार र सुचकहरु मार्फत महशुसिकरण गर्न मद्धत पुगेको छ । यसरी यस गाउँपालिकाको लैससास परीक्षणमा ५ मूल सुचक र २२ वटा उपसुचकका आधारमा हेर्दा **सेवा प्रवाह** कमजोर नतिजा आएको कारण कार्ययोजना निर्माण गरी निकै काम गर्नु पर्ने देखिन्छ ।सेवा प्रवाह शीर्षक अन्तर्गत २० मध्ये १५.५ अङ्क प्राप्त भएको छ, जुन अन्य क्षेत्रको तुलनामा न्यून रहेको छ। विशेषगरी खानेपानी तथा सरसफाइ, स्वरोजगार तथा आयआर्जन, अपाङ्गमैत्री तथा नागरिकमैत्री पूर्वाधार विकासका क्षेत्रमा थप सुधार आवश्यक रहेको देखिन्छ। साथै जोखिममा रहेका तथा सामाजिक रूपमा बहिष्करणमा परेका समुदायहरूको पहिचान तथा लक्षित सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ। त्यसै गरि **नीति, कानुन तथा योजना** शीर्षक अन्तर्गत २० मध्ये १६ अङ्क प्राप्त भएको छ। यसले गाउँपालिकाले नीति, योजना तथा बजेट प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयलाई समावेश गर्ने प्रयास गरेको देखिए तापनि नीति तथा कानुन निर्माण प्रक्रियामा लक्षित वर्गको सहभागिता अभिवृद्धि गर्न तथा लैससास सम्बन्धी संस्थागत व्यवस्थालाई थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको संकेत गर्दछ।**संस्थागत व्यवस्था** शीर्षक अन्तर्गत २० मध्ये १६ अङ्क प्राप्त भएको छ। यसबाट गाउँपालिकामा समावेशी संस्थागत अभ्यासको आधार निर्माण भएको देखिए तापनि खण्डीकृत तथ्याङ्क व्यवस्थापन, कर्मचारी तथा पदाधिकारीको समावेशी प्रतिनिधित्व, तथा लैङ्गिक उत्तरदायी व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको देखिन्छ। **मानव स्रोत तथा क्षमता विकास** शीर्षक अन्तर्गत २० मध्ये १६.५ अङ्क प्राप्त भएको छ, जुन सबैभन्दा उच्च प्राप्ताङ्क रहेको क्षेत्र हो। यसले गाउँपालिकामा क्षमता विकास, शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन तथा जनचेतनामूलक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भइरहेको देखाउँछ। तथापि, कानुनी साक्षरता, सूचना प्रविधिको पहुँच तथा लक्षित वर्ग केन्द्रित विशेष कार्यक्रमहरूलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।**सुशासन तथा उत्तरदायित्व** शीर्षक अन्तर्गत २० मध्ये १६ अङ्क प्राप्त भएको छ। यसले गाउँपालिकामा सुशासन, अनुगमन तथा सामाजिक जवाफदेहिताका अभ्यासहरू कार्यान्वयनमा रहेको देखाए तापनि सूचना तथा सञ्चार प्रणालीको सुदृढीकरण, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणको नियमितता, तथा अन्तरनिकाय समन्वयलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको देखिन्छ।

समग्र मूल्याङ्कनबाट गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आधारभूत संरचना, नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा रहेको देखिए तापनि संस्थागत सुदृढीकरण, तथ्याङ्कमा आधारित योजना तर्जुमा, समावेशी सेवा

प्रवाह, लक्षित वर्गको अर्थपूर्ण सहभागिता तथा सामाजिक जवाफदेहिताका संयन्त्रहरूको प्रभावकारी कार्यान्वयनमा थप ध्यान दिन आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ। आगामी दिनमा पहिचान भएका सुधारका क्षेत्रहरूलाई वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्न सके गाउँपालिकाले समावेशी, उत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासन प्रणालीको विकासमा थप उपलब्धि हासिल गर्न सक्ने अपेक्षा गरिएको छ।

स्थानीय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयलाई नीति, योजना, कार्यक्रम तथा बजेट प्रक्रियामा क्रमशः मूलप्रवाहीकरण गर्दै लगेको अवस्था मूल्याङ्कनबाट स्पष्ट भएको छ। विशेषगरी योजना तथा बजेट तर्जुमा, शिक्षा, प्रजनन स्वास्थ्य, विपद् व्यवस्थापन, सुशासन तथा सामाजिक जवाफदेहिताका क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भएको देखिन्छ।

तथापि, नीति तथा कानुनमा समावेशीकरणको थप सुनिश्चितता, लक्षित वर्गको अर्थपूर्ण सहभागिता अभिवृद्धि, लैससासको संस्थागत व्यवस्थापन, सूचना तथा सञ्चार प्रणालीको सुदृढीकरण, समन्वय तथा सम्बन्ध विस्तार, स्वरोजगार तथा आयआर्जन प्रवर्द्धन, खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर अभिवृद्धि तथा अपाङ्गमैत्री एवं नागरिकमैत्री पूर्वाधार विकासका क्षेत्रमा थप सुधार आवश्यक रहेको देखिन्छ। साथै, खण्डीकृत तथ्याङ्क व्यवस्थापन, लैङ्गिक उत्तरदायी बजेट प्रणाली तथा सामाजिक रूपमा पछाडि परेका वर्ग तथा समुदाय लक्षित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा थप ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

अतः स्व-मूल्याङ्कनबाट पहिचान भएका सुधारका क्षेत्रहरूलाई वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ। लैससास डेस्कको स्थापना तथा सुदृढीकरण, क्षमता विकास कार्यक्रम सञ्चालन, तथ्याङ्कमा आधारित योजना तर्जुमा, समावेशी सेवा प्रवाह, सामाजिक जवाफदेहिताका संयन्त्रहरूको नियमित प्रयोग तथा लक्षित वर्ग केन्द्रित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत समावेशी, उत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासन प्रणालीको विकास गर्न सकिने अपेक्षा गरिएको छ। यसबाट गाउँपालिकाले आगामी मूल्याङ्कनमा थप उत्कृष्ट नतिजा हासिल गर्नुका साथै दिगो, समावेशी तथा न्यायपूर्ण स्थानीय विकासको लक्ष्य प्राप्त गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।

# १३. अनुसूचीहरु

## १३.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचकहरु र प्रासाङ्क

स्थानीय तह लैङ्गिक समानता र समाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७

पाँच वटा मुख्य विषय र सो अनुसार सहयक विषयका सुचकहरुको जम्मा अङ्कभार १०० को विस्तृत विवरण देहाय बमोजिम रहेको छ । लैससास परीक्षण कार्यविधि, २०७७ लाई राम्रोसँग अध्ययन गरेर मात्र अङ्कन गर्नुपर्ने छ । परीक्षण कार्यशालामा पाँचवटा विषयका लागि पाँचवटै समुह निर्माण गरी परीक्षण गर्नुपर्ने छ ।

- स्थानीय सरकारले आफ्ना नीति, कानुन, योजना जारी गर्नु अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे/नगरेको ।
- स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा समाजिक समावेशी विकास ( स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु ) सम्बन्धी कुराहरु समावेश भए /नभएको

नोट : मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर वा नभएको अवस्थालाई ० अङ्क दिनु पर्नेछ । तल दिएको मूल्याङ्कन हो । समुहमा पहिला सुचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अङ्क प्रदान गुर्नु पर्नेछ ।

| **सुचक नं. १. नीति कानुन तथा योजना : अङ्कभार (२०)** | | | | |
|---|---|---|---|---|
| **१.१. नीति र कानुनमा समावेशीता अङ्कभार (८)** | | | | |
| **सुचक नं.** | **सुचकहरु** | **सुचकको अङ्क** | **प्राप्ताङ्क** | **प्रमाणिकरणको आधार** |
| १. | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गरी कार्यटोली निर्माण पूर्व दस्तावेज समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको मस्यौदाको विषयवस्तु र शव्द चयन समावेशी र सहभागितामूलक हुने गरे/नगरेको ? | ०-१ | १ | कर्मचारी बैठक, ऐन, कानुन आदि |
| २. | स्थानीय सरकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखा जोखा गर्ने गरे/नगरेको | ०-१ | ०.५ | |
| ३. | स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समाबेशी विकास स्थानीय कानुन नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु ) सम्बन्धी कुराहरु समावेश भए/नभएको | ०-१ | १ | बजेट तथा नीति कार्यक्रम |
| ४. | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन छैनन् (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको ) | ०-१ | ०.५ | |
| ५. | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेद जन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन ? | ०-१ | ०.५ | ऐन कानुन कार्यविधि |

| | | | | |
|---|---|---|---|---|
| ६. | सङ्घीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए/नमिलाएको | ०-१ | ०.५ | लैङ्गिक हिंसा निवारण समिति भएको |
| ७. | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे/नरहेको | ०-१ | १ | |
| ८. | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहे/नरहेको | ०-१ | ० | |
| **जम्मा** | | **८** | ५ | |
| **१.२. योजना तर्जुमा तथा कार्यान्वयन ( अंकभार ८)** | | | | |
| ९. | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मानपनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ/छैन ? | ०-१ | १ | नीति कार्यक्रम र बजेट विनियोजन |
| १०. | नगरपालिका/गाउँपालिका को स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा वञ्चितिकरणमा परेको समुहको अवस्था विशलेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कुल पुँजिगत बजेटको निशिचत प्रतिशत छुट्याउने गरे/नगरेको | ०-१ | ०.५ | तोकिएको प्रतिशत नभए पनि केहि रकम विनियोजन गरेको |
| ११ | स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सत्रिया सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकिकरणमा पर्ने गरे /नगरेको (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरबाट आएका योजना कार्यक्रमहरुलाई समेटे नसमेटेको परीक्षण ) | ०-१ | १ | वडा स्तरको बैठक र निर्णय |
| १२ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपुर्ति गर्ने विषयमा छलफल भए/नभएको ? | ०-१ | १ | टोल वडा स्तरीय बैठक |
| १३ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समुहहरुको छुट्टा छुटट्ै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको ( तयारी प्रतिवेदन ) | ०-१ | १ | |
| १४ | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य नं. ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे/नगरेको | ०-१ | ०.५ | ऐन कानुन कार्यविधि |
| १५ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने गरी बने/नबनेको | ०-१ | १ | योजना बजेट |
| १६ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तीमा ४०% महिलाहरुको सहभागिता भए/नभएको र मुख्य कार्यकारी पद मध्य कुनै एकमा जिम्मेवारी दिए/नदिएको | ०-१ | १ | कतिपय समितिमा महिला अध्यक्ष भएको |
| **जम्मा** | | **८** | ७ | |
| **१.३. बजेट तर्जुमा तथा कार्यान्यन ( अङ्कभार ४)** | | | | |
| १७ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, मधेशी, मुश्लिम, | ०-१ | १ | टोल तथा वडा भेला गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समुहहरुसँग बसेर समस्या केलाउने वा विश्लेषण गर्ने गरिए/नगरिएको | | | गरिएको |
| १८ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियममित रुपमा गर्न बजेटको व्यवस्था गरिए/नगरिएको ? | ०-१ | १ | बजेट निर्माण भएको |
| १९ | परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए/नगरिएको ? | ०-१ | १ | बजेट निर्माण भएको |
| २० | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितका कार्यक्रममा समयमै खर्च गरिए/नगरिएको ?( बजेट तथाकार्यक्रम बिच भिडान ) | ०-१ | १ | योजना कार्यक्रम |
| **जम्मा** | | ४ | ४ | |
| **सुचक १ को कुल जम्मा** | | २० | १६ | |
| **सुचक नं. २. संस्थागत व्यवस्था : (अङ्भार २०)** | | | | |
| **२.१. कर्मचारी पदाधिकारी प्रतिनिधित्व (अङ्भार ४)** | | | | |
| २१. | स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी)महिलाहरुको समानरुपमा ५०/५० प्रतिशत प्रतिनिधित्व रहेको छ/छैन ? | ०-१ | ०.५ | कर्मचारीहरु भएको |
| २२. | स्थानीय सरकारका कर्मचारीहरुको पदपुर्तिको निर्णय गर्दा सवै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीको समावेशी समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको छ/छैन ? | ०-१ | १ | |
| २३. | स्थानीय सरकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाष, संस्कृति र रहन सहन बुझ्ेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको /नगरेको ? | ०-१ | १ | |
| २४. | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई अग्रभाग प्राप्त हुने गरी सकारात्मक विभेदको नीति लिएको /नलिएको | ०-१ | ०.५ | |
| **जम्मा** | | ४ | ३ | |
| **२.२.कार्यप्रणालीमा समावेशीता (अङ्कभार ४)** | | | | |
| २५. | महिला र पुरुषबीच असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ? | ०-१ | १ | |
| २६. | स्थानीय सरकारमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन ? ( लैङ्गिक विकास डेक्स वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए/नगरिएको ? | ०-१ | १ | |
| २७. | स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु | ०-१ | १ | |

| | | | | |
|---|---|---|---|---|
| | गरिएको छ/छैन ? | | | |
| २८. | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए /नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए/नभएको अनुगमन गरे /नगरेको | ०-१ | **०.५** | |
| **जम्मा** | | ४ | **३.५** | |
| **२.३.समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व ( अङ्कभार ४)** | | | | |
| २९. | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/नरहेका ? | ०-१ | १ | कानुन बमोजिम समावेश गरिएको |
| ३०. | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरुले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढङ्गले भाग लिन पाए/नपाएको ? | ०-१ | १ | |
| ३१. | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन र समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे/नगरेको ? | ०-१ | ०.५ | |
| ३२. | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र बञ्चितिकरणमा परेको समुदायको हित हुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे/नगरेको ? | ०-१ | ०.५ | |
| **जम्मा** | | ४ | **३** | |
| **२.४. वित्त व्यवस्थापन प्रणालीमा समावेशीता ( अङ्कभार ४)** | | | | |
| ३३. | स्थानीय तहमा महिला विकास, लैङ्गिक हिंसा विरुद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरिएको /नगरिएको ? | ०-१ | १ | |
| ३४. | के आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरुको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरुको आवशयकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०-१ | १ | |
| ३५. | के स्थानीय सरकारमा लैङ्गिक डेक्सको विकास र आवश्यक मानवीय स्रोतहरुको लागि बजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०-१ | ० | |
| ३६. | स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने/गरेको । | ०-१ | १ | सुत्रबाट प्राप्त |
| **जम्मा** | | ४ | **३** | |
| **२.५. तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ( अङ्कभार ४)** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३७. | के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभुत खण्डिकृत सूचना तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने गरेको छ ? ( लिङ्ग, उमेर, जात र आर्थिक स्थिति आदि नगर/गाउँपालिका प्रोफाईल ) | ०-१ | ०.५ | |
| ३८. | स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभुत सूचना तथ्याङ्क सङ्कलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टा छुट्टै नक्साङ्कन गर्ने गरे/नगरेको ( नगर/गाउँपालिका प्रोफाईल ) | ०-१ | १ | |
| ३९. | के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०-१ | १ | |
| ४०. | स्थानीय सरकारले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा भक्ता पाउनेहरु र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने गरे /नगरेको ? | ०-१ | १ | |
| **जम्मा** | | ४ | **३.५** | |
| **सुचक नं. २ को कुल जम्मा** | | **२०** | **१६** | |
| **सुचक नं. ३. मानव शंसाधन तथा क्षमता विकास (अङ्कभार २०)** | | | | |
| **३.१. मानव शंसाधन तथा क्षमता विकास (अङ्कभार ८)** | | | | |
| ४१. | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे/नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए/नभएको साथै यस्ता रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए नआएको ? | ०-१ | १ | |
| ४२. | स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरुले लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा सम्बन्धी तालिम लिएका छन् वा छैनन् र तालिम कार्यक्रममा लक्षित समुह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो वा थिएन ? | ०-१ | ०.५ | |
| ४३. | तालिमका विषय वस्तुको प्रस्तुतिकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ? | ०-१ | १ | |
| ४४. | महिला तथा लक्षित समुहका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु ( प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण छन्/छैनन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ छैन ? | ०-१ | १ | |
| ४५. | के स्थानीय सरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय स्रोत छन् ? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या ) | ०-१ | १ | |
| ४६. | के स्थानीय सरकारमा मानव शंसाधन विकास केन्द्र वा शाखा वा एकाइको व्यवस्था छ ? | ०-१ | ० | |
| ४७. | महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/नरहेको र कार्यान्वयन भए नभएको ?( सञ्चालिन तालिम कार्यक्रम संख्या र उपस्थित ) | ०-१ | १ | |
| ४८. | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुका बारेमा स्थानीय सरकारका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमुखिकरण गरिएको छ ? ( | ०-१ | ०.५ | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम संख्यार उपस्थित ) | | | |
| **जम्मा** | | **८** | **६** | |
| **३.२. अनौपचारिक मूल्य, मान्यता र कु:सस्कार विरुद्ध जनचेताना ( अङ्कभार ४ )** | | | | |
| ४९. | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन कार्यक्रम समयमा नै सम्पन्न गरेको छ ? ( कार्यक्रम संख्या र उपस्थिति ) | ०-१ | १ | |
| ५०. | लैङ्गिक हिंसा रहित नगर/गाउँपालिका घोषणा गरेको छ ? ( घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सुन्य सहिष्णुता अपनाएको छ ( घटेका घटना र लिइएका निर्णयहरु ) | ०-१ | ०.५ | |
| ५१. | स्थानीय सरकारले महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति तथा निर्णय पुस्तिका ) | ०-१ | १ | |
| ५२. | के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै ( जातिगत छुवाछुत, छाउपडि, बाल विवाह, बहु विवाह, दाइजो आदि जस्ता समाजिक कुरीति हटाउन कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ ? ( कार्यक्रम संख्या र उपस्थिति विवरण ) | ०-१ | १ | |
| **जम्मा** | | **४** | **३.५** | |
| **३.३. कानुनी साक्षरता ( अङ्कभार ४)** | | | | |
| ५३. | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरु र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिता, विषयगत कानुनहरु, पालिकाले जारी गरेका कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमुखीकरण गर्ने गरे/नगरेको ? | ०-१ | १ | |
| ५४. | स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्न मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखीकरण गर्ने गरे/नगरेको ? | ०-१ | ० | |
| ५५. | के महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालित भएका छन् ? ( जस्तै : कानुनी हक अधिकार, एकल महिला र मानव बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कायृक्रम, यौनहिंसा विरुद्धका कार्यक्रम आदिको अनुशिक्षण ) | ०-१ | १ | |
| ५६. | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालनबाट के उनीहरु लाभान्वित भएका छन् ? ( जस्तै : कानुनी हक अधिकार, एकल महिला र मानव बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कायृक्रम, यौनहिंसा विरुद्धका कार्यक्रम आदिको अनुशिक्षण र यसको असर ) | ०-१ | १ | |
| **जम्मा** | | **४** | **३** | |

| | | | | |
|---|---|---|---|---|
| **३.४. विपद् व्यवस्थापनमा समावेशीता ( अङ्कभार ४)** | | | | |
| ५७. | स्थानीय सरकारले विपद् व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्श गरे/नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहे/नरहेको ? | ०-१ | १ | |
| ५८. | स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरे/नगरेको ? | ०-१ | १ | |
| ५९. | समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समुहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकतामा राखी गर्ने गरे/नगरेको ? | ०-१ | १ | |
| ६०. | विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरे/नगरेमा ? | ०-१ | १ | |
| **जम्मा** | | ४ | ४ | |
| **३ नं को कुल जम्मा** | | **२०** | **१६.५** | |
| **४. सेवा प्रवाह ( अङ्कभार २०)** | | | | |
| **४.१. पूर्वाधार विकास ( अङ्कभार ४)** | | | | |
| ६१. | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ डिजाइन, लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल, अपाङ्ग मैत्री र संवेदनशील संरचनाको प्रावधान सहित हुने गरे/नगरेको ? | ०-१ | १ | |
| ६२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवान र अन्य संरचनाहरु निर्माण गर्दा महिला अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री युत्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन ? | ०-१ | ०.५ | |
| ६३. | स्थानीय तहले १५०० वर्गफिट भन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन ? | ०-१ | ०.५ | |
| ६४. | स्थानीय तहले महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा ( जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट हुने उर्जा, सुधारीएको चुलो आदी ) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहे/नरहेको ? | ०-१ | १ | |
| **जम्मा** | | ४ | **३** | |

| | | | | |
|---|---|---|---|---|
| **४.२. प्रजनन स्वास्थ्य ( अङ्कभार ४ )** | | | | |
| ६५. | गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भए/नभएको ? | ०-१ | १ | |
| ६६. | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चलाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्थापन र सो को व्यवस्थापन गरिएको छ/छैन ? | ०-१ | १ | |
| ६७. | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिएको छन् ? | ०-१ | १ | |
| ६८. | महिला, गरिब, निमुखा र वञ्चितिकरणमा परेका व्यक्तिहरुको स्वास्थ्य विमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ? | ०-१ | १ | |
| **जम्मा** | | ४ | ४ | |
| **४.३. शिक्षा कार्यक्रम ( अङ्कभार ४ )** | | | | |
| ६९. | स्थानीय तहले आफ्नो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाए/नमिलाएको ? | ०-१ | १ | |
| ७०. | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समुदायका सबै बालबालिकाहरुलाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामग्री तथा पोषाक उपलब्ध गराउन छात्रबृतिको व्यवस्था गरी निश्पक्ष वितरण हुने प्रवन्ध मिलाए/नमिलाएको | ०-१ | १ | |
| ७१. | अशिक्षित महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालित भए/नभएका ? ( जस्तै : अविभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि कार्यक्रम संख्या र पटक तथा सहभागी संख्या ) | ०-१ | १ | |
| ७२. | विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागि सेनेटरी प्याड र यौन शिक्षा तथा सहजिकरण कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | ०-१ | १ | |
| **जम्मा** | | ४ | ४ | |
| **४.४. खानेपानी तथा सरसफाइ ( अङकभार ४ )** | | | | |
| ७३. | नगर/गाउँपालिका मा सफा पिउने पानी, सफसँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था र स्यानीटाइजरको उपयोग गर्ने प्रवन्ध भए/नभएको ? | ०-१ | **०.५** | |
| ७४. | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिशामुक्त, पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | ०-१ | १ | |
| ७५. | कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विर्सजन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसावाली तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने | ०-१ | ०.५ | |

| | | | | |
|---|---|---|---|---|
| | जस्ता चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | | | |
| ७६. | महिलाहरु बढीमात्रामा संलग्न हुने कार्यमा सफापानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रिय सहभागितामा आकासेपानी संकलन र भण्डारण, परम्परागत इनार र क्वाको पुर्नजिविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | ०-१ | ०.५ | |
| **जम्मा** | | ४ | **२.५** | |
| **४.५. स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन ( अङकभार ४ )** | | | | |
| ७७. | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ /छैन ? | ०-१ | १ | |
| ७८. | स्थनीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरे/नगरेको ? (कार्यक्रम संख्या र उपस्थिति) | ०-१ | ० | |
| ७९. | ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक ) र सामाजिक परिचालक तयार गर्ने गरे /नगरेको ? ( मनोनयन, नियूक्ति वा गठन र तालिम सम्बन्धी सुचकांक ) | ०-१ | ०.५ | |
| ८०. | गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए /नभएको ? | ०-१ | ०.५ | |
| **जम्मा** | | ४ | २ | |
| **४ नं सुचकको कुल जम्मा** | | **२०** | **१५.५** | |
| **५. सुशासन तथा उत्तरदायित्व (अङकभार २० )** | | | | |
| **५.१. सुशासन (अङकभार ४)** | | | | |
| ८१. | स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट नीति, कानुन जारी गरी सोही कानुन बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको । | ०-१ | १ | |
| ८२. | स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अधिकार जस्ता नीति कार्यान्वयनमा ल्याए/नल्याएको ? | ०-१ | १ | |
| ८३. | महिला विकासका लागि भएका बेइजिङग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ ? ( कार्यक्रम संख्या र उपस्थिति ) | ०-१ | १ | |
| ८४. | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्ने कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमा | ०-१ | १ | |

| | | | | |
|---|---|---|---|---|
| | सम्पन्न गरेको छ ? | | | |
| **जम्मा** | | ४ | ४ | |
| **५.२. उत्तरदायित्व र जवाफदेहीता (अङ्कभार ४ )** | | | | |
| ८५. | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको ? | ०-१ | १ | |
| ८६. | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यीक्त तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको ? | ०-१ | १ | |
| ८७. | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फवाट स्थानीय सरकारले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा आवाज उठ्ने गरे/नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे/नगरेको ? | ०-१ | ०.५ | |
| ८८. | स्थानीय सरकारका जनप्रतिनिधिहरु र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याय/नल्याएको ? | ०-१ | १ | |
| **जम्मा** | | ४ | **३.५** | |
| **५.३. सूचना तथा सञ्चार ( अङकभार ४ )** | | | | |
| ८९. | स्थानीय सरकारले नियमित रुपमा समर्ग वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे/नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुस्लम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक गरे/नगरेको ? | ०-१ | ०.५ | |
| ९०. | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे/नगरेका ? | ०-१ | १ | |
| ९१. | के स्थानीय सरकारले स्थानीय रेडियो, एफएम र छापा माध्यमद्धारा समावेशीकरण तथा लैङिगक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०-१ | ०.५ | |
| ९२. | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जनजाती विपन्न वर्ग ( आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग अपाङगता भएको व्यक्तिहरु, ज्येष्ठ नागरिक लगायत अन्य ) लक्षित समुहहरुको सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा वृद्धि भएको छ ? आधार तथ्याङकसँग समेत तुलना गर्न सकिने ? | ०-१ | ०.५ | |
| **जम्मा** | | ४ | २.५ | |
| **५.४. अनुगमा तथा मूल्याङ्कन ( अङ्कभार ४ )** | | | | |


| | | | | |
|---|---|---|---|---|
| ९३. | के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०-१ | ०.५ | |
| ९४. | के स्थानीय सरकारले सञ्चालन गरेको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०-१ | १ | |
| ९५. | के स्थानीय, सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जानजातिका विपन्न वर्ग ( आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग ) अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | ०-१ | १ | |
| ९६. | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका, पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०-१ | १ | |
| **जम्मा** | | ४ | **३.५** | |
| **५.५.समन्वय र सम्बन्ध बिस्तार ( अङ्कभार ४ )** | | | | |
| ९७. | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेका नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजिकरण गर्ने गरे /नगरेको ? | ०-१ | १ | |
| ९८. | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरु बीच सञ्जाल बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरे/नगरेको ? | ०-१ | ०.५ | |
| ९९. | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरु बीच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरे /नगरेको । | ०-१ | ०.५ | |
| १००. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ? | ०-१ | ०.५ | |
| **जम्मा** | | ४ | **२.५** | |
| **सूचक नं ५ को जम्मा** | | २० | १६ | |
| **कुल जम्मा ( १ देखि १०० सम्मको )** | | १०० | ८० | |

## १३.२.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशालाका केहि झलकहरु :





# १३.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशालाका केहि उपस्थिति :



क्लक कन्सल्ट प्रा.लि.

तुलसीपुर, दाङ

जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि


लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन प्रस्तुतीकरण

मिति : २०८२ ...............गते

परिवर्तन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोल्पा

सहभागीहरुको हाजिरी

| क.स. | नाम थर | ठेगाना | पद | सम्पर्क नं. | दस्तखत | |
|---|---|---|---|---|---|---|
| | | | | | गते | गते |
| १ | सुक बहादुर बुढामगर | | अध्यक्ष | | [signature] | [signature] |
| २ | कलादेवि रुक्मिनी | | उपाध्यक्ष | | [signature] | [signature] |
| ३ | भिम बहादुर के.सी | | प्रा. अधिकृत | | [signature] | [signature] |
| ४ | शिवराम खड्का | त्रिवेणी ५ कनुमा | नि.का.अ. महिला बालबालिका | [illegible] | [signature] | [signature] |
| ५ | जगेन्द्र बहादुर थापा | ल्वाङ -३ कालिकोट | [illegible] | [illegible] | [signature] | [signature] |
| ६ | [illegible] | परिवर्तन ४ राङसी | [illegible] | [illegible] | [signature] | [signature] |
| ७ | [illegible] | " " ६ [illegible] | [illegible] | [illegible] | [signature] | [signature] |
| ८ | प्रतिभा घर्ती मगर | परिवर्तन २ राङसी | ३ वि.स | [illegible] | [signature] | [signature] |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | [illegible] | परिवर्तन - राङसी | सब-इन्जिनियर | [illegible] | [signature] | [signature] |
| १० | कविन्द्र [illegible] | परिवर्तन -४ | [illegible] | [illegible] | [signature] | [signature] |
| ११ | रवीन्द्र सुनार | परिवर्तन -३ | [illegible] | [illegible] | [signature] | [signature] |
| १२ | दिपक [illegible] | परिवर्तन -२ | [illegible] | [illegible] | [signature] | [signature] |
| १४ | खम बहादुर वली | परिवर्तन -५ | [illegible] | [illegible] | [signature] | [signature] |
| १५ | भिम कुमारी बुढामगर | परिवर्तन -२ [illegible] | [illegible] | [illegible] | [signature] | [signature] |
| १६ | बिनिता खड्का | परिवर्तन गा.पा. | सम. वि. नि | [illegible] | [signature] | [signature] |
| १७ | अन्जु वली | परिवर्तन -2 | [illegible] | [illegible] | [signature] | [signature] |
| १८ | [illegible] | परिवर्तन गा.पा.४ | [illegible] | [illegible] | [signature] | [signature] |
| १९ | हिरामती रोका | परिवर्तन २ राङसी | [illegible] | [illegible] | [signature] | [signature] |
| २० | नवराज वली | परिवर्तन गा.पा.४ | [illegible] | [illegible] | [signature] | [signature] |
| २१ | पुर्ण बहादुर वली | तुलसीपुर दाङ | इन्जिनियर | 9851182284 | [signature] | [signature] |
| २२ | गणेश मान के.सी | शान्तिनगर दाङ | सर्वेक्षक | 9809864571 | [signature] | [signature] |
| २३ | सुमित्रा अधिकारी | भक्तपुर | प्रशिक्षक | 9860878626 | [signature] | [signature] |
| २४ | योगराज गाउँले | काठमाण्डौ | विज्ञ " | 9852052993 | [signature] | [signature] |
| २५ | सरला ओली | परिवर्तन गा.पा. १ | [illegible] | [illegible] | [signature] | [signature] |